# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक १६

"तिमीहरूको वचन सधैं अनुग्रहपूर्ण, नुनले स्वादिलो पारिएको होओस्; र हरेकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरूलाई थाह होओस्।

- कलस्सी ४:६

## पाप नै मूल समस्या हो

के तपाईं कमजोर स्वास्थ्य, आर्थिक कठिनाइ, प्रियजनको गुमाइ, टुटेका सम्बन्धहरू, व्यक्तिगत अन्याय, कठिन बाल्यकाल, वा यस्तै अन्य समस्याहरूले पिरोलिनुभएको छ? परमेश्वर वा मानिससँग रिस राख्नु बुद्धिमानी होइन। बरु, परमेश्वरलाई खोज्नुहोस्—केवल कुनै एक समस्याबाट छुटकारा पाउनका लागि मात्र होइन; त्यसरी उहाँ भेटिँदैन। बिरामीका लक्षणहरू विविध हुन्छन्, तर रोग एउटै हुन्छ। त्यसैगरी मानिसका समस्याहरू अनेक हुन्छन्, तर मूल समस्या पाप हो। येशूले भन्नुभयो:

"किनभने भित्रबाट नै अर्थात् मानिसहरूको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता निस्कँदछन्; यी सबै खराब कुराहरू भित्रैबाट नै निस्कँदछन्, र मानिसलाई अशुद्ध पार्दछन्" (मर्कूस ७:२१–२३)।

पाप मानिसको हृदयको गहिराइबाट उम्लिन्छ। स्वार्थ, घृणा, यौन अनैतिकता, घमण्ड—यी हृदयभित्र लुकेका कुरा बाहिर शरीरमा प्रकट हुन्छन् र मानिसलाई अशुद्ध बनाउँछन्। पवित्रशास्त्रले भन्छ:

"हृदय ता सबै कुराहरूभन्दा बढी छली हुन्छ र असाध्य दुष्ट हुन्छ" (यर्मिया १७:६)।

यो परमेश्वरको निदान हो। मानिसलाई नयाँ हृदय चाहिन्छ। उसलाई पापबाट छुटकारा दिन, नयाँ हृदय प्रदान गर्न, र अनन्त जीवन दिनका लागि नै परमेश्वरका पुत्र येशू ख्रीष्ट क्रूसमा मर्नुभयो र पुनरुत्थान हुनुभयो। किन तपाईं अनन्तकालसम्म विलाप र दाँत किट्ने स्थानमा दोस्रो मृत्यु भोग्न जानुहुन्छ? ख्रीष्ट तपाईंका पापहरूका निम्ति मर्नुभयो—उहाँले छुटकाराको दाम तिरिदिनुभयो। परमेश्वर आफ्ना अनुग्रहमा तपाईंलाई बचाउन तयार हुनुहुन्छ। तर तपाईं आफैंले पश्चात्ताप र विश्वाससाथ उहाँकहाँ आउनुपर्छ।

*"प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले मुक्ति पाउनुहुनेछ" (प्रेरित १६:३१)।*

- PS

## विश्वासको जीवन

विश्वासको जीवन जिउनु भनेको आफूलाई कहाँ लैजाँदैछ भन्ने नजान्नु हो। तर यसको अर्थ हामीलाई अगुवाइ गर्नुहुनेलाई प्रेम गर्नु र उहाँलाई जान्नु हो। यो वास्तवमै विश्वासको जीवन हो—समझ वा तर्कको होइन—तर हामीलाई बोलाउनुहुने उहाँलाई चिनेर अघि बढ्ने जीवन हो।

*"अब्राहाम ... उनी कहाँ गइरहेका थिए, सो थाह नपाए तापनि उनी निस्किए।" (हिब्रू ११:८)*

- ओस्वाल्ड चेम्बर्स



## सावधान हुने समय

*"यस संसारसित एकनासे नहोओ..." (रोमी १२:२)*

पहिरन, बोली, मनोरञ्जन, बानी र व्यवहारमा ख्रीष्टियन र सांसारिक मानिसबीच कुनै भिन्नता छुट्याउन आज झन्झन् असम्भवजस्तै हुँदै गएको छ। जित ईसाइमतको भइरहेको छैन; संसारकै भइरहेको छ!

- डेविड माथ्यूस



*"आकाशका चराचुरुङ्गीहरूलाई हेर... तिमीहरूका स्वर्गीय पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। त के तिमीहरू तीभन्दा धेरै मूल्यवान् होइनौ र?" - मत्ती ६:२६*

## रबिन र भँगेराको संवाद

रबिन बोल्यो भँगेरालाई,
"साथी, मलाई भन न—
किन मानिस यति चिन्तित,
दौडन्छन् दिनरात् सधैं?"
भँगेराले दियो उत्तर,
"साथी, कारण छ यही—
हामीलाई जस्तै हेरचाह गर्ने
स्वर्गीय पिता तिनीहरूमा छैनन् नि।"

- Elizabeth Cheney

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

### अध्याय ४ [४ मध्ये भाग ४]

उहाँका आश्चर्यकर्महरूद्वारा प्रभु येशूले त्यही समयमा इस्राएलको बीचमा राज्य स्थापना गर्न आवश्यक सम्पूर्ण शक्ति भएको व्यक्तित्व उपस्थित हुनुहुन्छ भन्ने कुरा स्पष्ट रूपमा प्रकट गर्नुभयो। जब उहाँले दुष्टात्माहरूलाई निकाल्नुभयो, तब उहाँले शैतानको राज्यलाई परास्त गरी ध्वस्त पार्ने आफ्नो सामर्थ्य देखाउनुभयो (मत्ती १२:२२–३०)। दुष्टात्माहरूलाई सुँगुरहरूमा पठाउनु र एउटा माछाको मुखमा सिक्का राखी पत्रुसकहाँ ल्याउन लगाउनुजस्ता आश्चर्यकर्महरूले उहाँले पशु-प्रकृतिमाथि पूर्ण नियन्त्रण राख्नुहुन्छ भन्ने देखायो (मर्कूस ५:१–२०; मत्ती १७:२४–२७)। सबै प्रकारका रोग र विकृतिहरूलाई निको पार्नु (मर्कूस ३:१–६; ७:३१–३७; यूहन्ना ५:१–६; ६:१–४१) तथा मृतकहरूलाई पुनर्जीवित गर्नु (मत्ती ६:१८–२६; लूका ७:११–१७; यूहन्ना ११:१–४४) ले मृत्युका प्रभावहरूलाई उल्ट्याउने उहाँको अधिकार प्रकट गऱ्यो। जब उहाँले नेभाराको रूखलाई श्राप दिनुभयो र त्यसलाई सुक्न लगाउनुभयो (मत्ती २१:१८–२२), ठूलो परिमाणमा माछा जुटाउनुभयो (लूका ५:१–११; यूहन्ना २१:१–६), पानीलाई दाखरसमा परिवर्तन गर्नुभयो (यूहन्ना २:१–११), र थोरै भोजनलाई वृद्धि गराई ५,००० र ४,००० जनालाई तृप्त पार्नुभयो (यूहन्ना ६:५–१४; मर्कूस ८:१–६), तब उहाँले रूखहरूको प्रशस्त फल, माछाहरूको बहुलता, दाखरसको प्रचुरता, र भोजनको अत्यधिक परिपूर्णता उत्पन्न गर्ने आफ्नो सामर्थ्य देखाउनुभयो—जुन भविष्यवक्ताहरूले ईश्वरशासित राज्यका विशेष लक्षणहरूका रूपमा घोषणा गरेका थिए। आँधीबेहरीलाई शान्त पार्नु र पानीमाथि हिँड्नुले मानिसको हितका लागि प्राकृतिक विपत्तिहरूलाई हटाउने र वातावरणमाथि पूर्ण नियन्त्रण राख्ने उहाँको अधिकारलाई प्रकट गऱ्यो (मत्ती १४:२४–३३; मर्कूस ४:३५–४१)।


*माछाको मुखमा सिक्का फेला पऱ्यो*

यो कुरा विशेष रूपमा उल्लेखनीय छ कि, जब प्रभु येशूले आफ्ना चेलाहरूलाई इस्राएलकहाँ पश्चात्ताप र राज्यको सन्देश प्रचार गर्न पठाउनुभयो, उहाँले तिनीहरूलाई भविष्यमा पृथ्वीमा वास्तविक रूपमा स्थापित हुने ईश्वरशासित राज्यका अवस्थाहरूलाई प्रतिबिम्बित गर्ने आश्चर्यकर्महरू गर्ने शक्ति दिनुभयो (मर्कूस ६:७–१३; मत्ती १०:५–८)। प्रभु येशू र उहाँका चेलाहरूका आश्चर्यकर्महरूको उद्देश्य दुईवटा थियो: पहिलो, पृथ्वीको पुनर्स्थापनासहित ईश्वरशासित राज्य स्थापना गर्न सक्षम व्यक्ति उहाँ नै हुनुहुन्छ भन्ने स्पष्ट देखाउनु (मत्ती १६:२८); र दोस्रो, यदि इस्राएलले राष्ट्रका रूपमा पश्चात्ताप गऱ्यो भने त्यो राज्य वास्तवमै स्थापना हुन सक्छ भन्ने घोषणालाई पुष्टि गर्नु।

शैतानले राज्यको सन्देशको प्रचारलाई गहिरो रूपमा घृणा गर्थ्यो। उसलाई राम्ररी थाहा थियो कि यदि इस्राएलले यो घोषणा विश्वास गरेर पश्चात्ताप गऱ्यो भने, ऊ र उसको राज्य पूर्ण रूपमा चकनाचूर हुने थियो। त्यसैले राष्ट्रले राज्यको प्रस्ताव अस्वीकार गरोस् भन्ने कुरा उसको लागि अत्यन्त आवश्यक थियो। यही उद्देश्य पूरा गर्न उसले यहूदीहरूको हृदयमा निरन्तर सक्रिय रूपमा काम गऱ्यो, ताकि त्यो सन्देश तिनीहरूभित्र जरा गाड्न र फल फलाउन नपाओस् (मत्ती १३:१८–२२)। अन्ततः परिणाम यस्तो भयो कि अधिकांश यहूदीहरूले राज्यसम्बन्धी घोषणा विश्वास गरेनन्। तिनीहरूले शाब्दिक, राजनीतिक, ईश्वरशासित राज्य त चाहन्थे (मर्कूस ११:८–१०), तर त्यसलाई प्राप्त गर्न आवश्यक आत्मिक शर्तहरू पूरा गर्न इच्छुक थिएनन्। तिनीहरूले आफूहरू अब्राहामका सन्तान भएकाले पश्चात्ताप गर्न आवश्यक छैन भन्ने सोच बनाए (मत्ती ३:७–९)। यसरी इस्राएल राष्ट्रले ईश्वरशासित राज्यको प्रस्तावलाई अस्वीकार गऱ्यो।

इस्राएललाई राज्यको प्रस्ताव अस्वीकार गर्न उक्साएर शैतानले विडम्बनापूर्वक आफ्नै विनाश सुनिश्चित गऱ्यो (यूहन्ना १२:३१; १६:११)। संसारका लागि आफ्नो सार्वभौम योजनाअनुसार, परमेश्वरले इस्राएलको यही अस्वीकारलाई मानवको पापका लागि प्रतिस्थापनात्मक बलिदान उपलब्ध गराउने माध्यमका रूपमा प्रयोग गर्नुभयो (यूहन्ना १२:३७–४०; प्रेरित २:२२–२३; ४:२७–२८)। इस्राएलले राज्यको प्रस्ताव अस्वीकार गऱ्यो, किनकि उसले त्यो प्रस्ताव ल्याउने उद्धारकर्तालाई नै अस्वीकार गऱ्यो (यूहन्ना १२:३७–३८)। येशूलाई आफ्ना राजाको रूपमा अस्वीकार गर्दा,

इस्राएलले उहाँलाई क्रूसमा टाँगिनु पर्ने माग गऱ्यो (यूहन्ना १९:१३–१६)। जब प्रभु येशू क्रूसमा टाँगिनुभयो, उहाँ "संसारको पाप उठाइ लैजानुहुने परमेश्वरका थुमा" (यूहन्ना १:२९) का रूपमा बलिदान हुनुभयो। उहाँको मृत्युले ईश्वरीय न्यायलाई पूर्ण रूपमा सन्तुष्ट पार्ने—अर्थात् प्रायश्चित्त गर्ने—मूल्य तिऱ्यो (रोमी ३:२४–२५; १ यूहन्ना २:२; ४:१०)।

यस सन्दर्भमा, प्रभु येशूले क्रूसको अन्तिम क्षणमा उच्चारण गर्नुभएको “पूरा भयो” भन्ने वचन अत्यन्तै महत्त्वपूर्ण छ। यूहन्नाले लेख्छन् कि सबै कुरा पूरा भइसके भनी जानेर उहाँले यो वचन भन्नुभयो (यूहन्ना १९:२८–३०)। यस कथनले जनाउँछ कि आफ्नो क्रूसारोपणद्वारा उद्धारकर्ताले परमेश्वरको इतिहाससम्बन्धी उद्देश्य पूरा गर्न आवश्यक सम्पूर्ण कार्य सिद्ध गर्नुभयो—अर्थात् शैतान र उसको राज्यको पराजय, ईश्वरशासित राज्यको स्थापना, र मानिसको पापका दुःखद परिणामहरूको उल्टोफेर। यो घोषणा शैतानका लागि गहिरो कम्पन ल्याउने जस्तो भएको हुनुपर्छ। उद्धारकर्ता आउन नदिने र उहाँको कार्य विफल पार्ने उसको सबै प्रयासहरूका बाबजुद, अन्ततः ऊ असफल भयो। परमेश्वरको सार्वभौमिकताले सबै कुरामाथि अन्तिम निर्णय सुनायो र विजय प्राप्त गऱ्यो।

आफ्नो क्रूसारोपणपछि तेस्रो दिनमा प्रभु येशू शारीरिक रूपमा मृतकबाट पुनरुत्थान हुनुभयो (मत्ती २८:१–१०; १ कोरिन्थी १५:३–४)। उहाँको पुनरुत्थान अनेक कारणले अत्यन्तै महत्त्वपूर्ण छ। पहिलो, यसले उहाँको मृत्यु मानिसको पापका लागि प्रतिस्थापनात्मक बलिदानका रूपमा ईश्वरीय न्यायलाई पूर्ण रूपमा सन्तुष्ट पारिसकेको स्पष्ट प्रमाण दियो। यदि परमेश्वर सन्तुष्ट



*पुनर्जीवित येशू चेलाहरूसामु देखा पर्नुभएको क्षण*

नहुनुभएको भए, उहाँले येशूलाई बौराउनुहुने थिएन (प्रेरित २:२४)। दोस्रो, यसले उद्धारकर्ताले मानिसका लागि मृत्यु तथा मृत्युको अधिकार राख्ने शैतानमाथि निर्णायक विजय प्राप्त गर्नुभएको प्रमाणित गऱ्यो (हिब्रू २:१४; १ कोरिन्थी १५:२०–२४)। तेस्रो, यसले ईश्वरशासित राज्य स्थापना गर्ने परमेश्वरको योजना परित्याग गरिएको छैन भन्ने दृढ सुनिश्चितता प्रदान गऱ्यो। जब प्रभु येशू मर्नुभयो, उहाँका चेलाहरूले उहाँले त्यो राज्य स्थापना गर्नुहुने आशा गुमाएका थिए (लूका २४:१३–२१)। तर पुनरुत्थानले उद्धारकर्तालाई फेरि जीवित र सक्रिय बनायो, ताकि परमेश्वरले तोक्नुभएको समयमा उहाँले राज्य स्थापना गरी शासन गर्न सकून् (प्रेरित १:३, ६–७)।

चालीस दिनको अवधिमा प्रभु येशूले धेरैपटक प्रकट हुँदै आफ्नो शारीरिक पुनरुत्थानको निर्विवाद प्रमाण दिनुभयो (प्रेरित १:३; १ कोरिन्थी १५:३–७; लूका २४:३६–४३)। ती दिनहरूको अन्त्यमा उहाँ स्वर्गारोहण हुनुभयो (प्रेरित १:६–११; लूका २४:५१; मर्कूस १६:१९), र इस्राएलले पश्चात्ताप नगरेसम्म उहाँ त्यहीं रहनुहुनेछ (मत्ती २३:३७–३९)।

साभार: What On Earth Is God Doing by Renald Showers

**- अध्याय ४ (८ मध्ये) पूरा भयो -**

## पुनरावलोकन प्रश्नहरू - अध्याय ३

1. कनान प्रवेश गर्दा परमेश्वरले इस्राएलका लागि के–कस्ता निर्णायक कामहरू गर्नुभयो?
2. यरिकोपछि आकानको पापले राष्ट्रमा कस्तो प्रभाव पाऱ्यो?
3. गिबोनीहरूको छलले इस्राएललाई किन आत्मिक रूपमा कमजोर बनायो?
4. लेवीहरूका शहरहरूको भूमिका सत्यत्याग रोक्न किन महत्वपूर्ण थियो?
5. यहोशूको अन्तिम चेतावनी किन उद्धारकर्ताको योजनासँग सम्बन्धित थियो?
6. यहोशूपछि इस्राएलमा नेतृत्व अभावले कस्तो अवस्था सिर्जना गऱ्यो?
7. इस्राएलको सत्यत्यागका तीन मुख्य कारणहरू के थिए?
8. सत्यत्याग – दमन – पश्चात्ताप – उद्धारको चक्रले परमेश्वरको कस्तो चरित्र देखाउँछ?
9. परमेश्वरले विदेशी शक्तिहरूलाई किन प्रयोग गर्नुभयो?
10. शमूएलले इस्राएललाई कसरी आत्मिक सुधारतर्फ ल्याए?
11. इस्राएलले राजा माग्नु किन परमेश्वरको शासनको अस्वीकार थियो?

12. शाऊलको अवज्ञाले राष्ट्रका लागि कस्तो खतरा उत्पन्न गऱ्यो?
13. शाऊलको पतनले शैतानको रणनीतिबारे के देखाउँछ?
14. दाऊदसितको करारका मुख्य प्रतिज्ञाहरू के थिए?
15. दाऊदी करार उद्धारकर्ताको आगमनका लागि किन केन्द्रिय छ?
16. दाऊदको पापले के परिणाम ल्यायो, र परमेश्वरले त्यसलाई कसरी नियन्त्रण गर्नुभयो?
17. सुलेमानको सत्यत्यागले सम्पूर्ण राष्ट्रमा कस्तो प्रभाव पाऱ्यो?
18. परमेश्वरले राज्य विभाजन किन हुन दिनुभयो?
19. यरोबामको झूटा आराधनाले इस्राएललाई कता डोऱ्यायो?
20. आहाब र इजेबेलले सत्यत्यागलाई कसरी संस्थागत गरे?
21. उत्तरी राज्यको विनाशले परमेश्वरको न्यायबारे के देखाउँछ?
22. अतल्याहको प्रयासले दाऊदी वंश किन खतरामा पाऱ्यो?
23. परमेश्वरले दाऊदको वंशलाई कसरी जोगाउनुभयो?
24. मनस्सेको शासनकालले यहूदाको पतनमा कस्तो भूमिका खेल्यो?
25. यहूदा राज्यको अन्त्य र बाँकी अवशेषले परमेश्वरको न्याय र कृपाबारे के सिकाउँछ?

## प्रेममा अधिकारको प्रयोग

*"हे पतिहरूहो, आफ्नी-आफ्नी पत्नीलाई प्रेम गर, र उनीहरूप्रति तीता नबन।"* (*कलस्सी ३:१६*)

सामान्यतया पुरुषको स्वभाव स्त्रीको जस्तो कोमल र प्रेममय हुँदैन; र दैनिक कामकाजमा यस पतित संसारको कठोरता र चिसोपनसँग जुध्नुपर्ने भएकाले, पति कहिलेकाहीँ कठोर र अनुग्रहहीन बन्न सक्छ, र आफ्नी पत्नी तथा परिवारप्रति प्रेमपूर्ण व्यवहार गर्न बिर्सन सक्छ। त्यसैले उसले आफ्नी पत्नीप्रति स्नेहपूर्ण प्रेमलाई सचेत रूपमा विकास गर्नुपर्छ, र मण्डलीप्रति ख्रीष्टको प्रेमलाई प्रतिबिम्बित गर्नुपर्ने आफ्नो जिम्मेवारी सम्झिरहनुपर्छ। यसका लागि पवित्र आत्माको प्रशस्त शक्ति उपलब्ध छ, जसले पतित स्वभावका कमजोरी र झुकावहरू माथि उठ्न सक्षम बनाउँछ।

पतिहरूले घर र पत्नीमाथि आफ्नो शिरत्व र अधिकारलाई बढी महत्व दिन सक्छन्, र अधिकारपूर्वक व्यवहार गर्न सक्छन्; तर यस क्रममा वैवाहिक जीवनको केन्द्र प्रेम हुनुपर्छ भन्ने कुरा बिर्सन सक्छन्। यद्यपि वैवाहिक सम्बन्धका विषयहरूमा अधिकार पतिलाई सुम्पिएको हुन्छ, उसले सधैं सम्झनुपर्छ कि त्यो अधिकार प्रेमपूर्ण अनुग्रहका साथ प्रयोग गर्नुपर्छ, र आफ्ना निर्णयहरू प्रेम र स्नेहले भरिएका शब्दहरूमा व्यक्त गर्नुपर्छ—जसले परमेश्वरको इच्छाको माध्यम बन्न सुहाउँछ। यसरी वैवाहिक जीवनको साँचो एकता अधिकार र प्रेमको सुन्दर समन्वयमा प्रकट हुन्छ। तब पतिको अधिकार प्रेमद्वारा प्रकट हुनेछ, र पत्नीको आज्ञापालन उनको प्रति प्रेम र आदरबाट प्रेरित हुनेछ। धन्य हो त्यो घर जहाँ प्रेमले शासन पनि गर्छ र आज्ञापालन पनि!

-R.K. Campbell

## आज्ञापलान

हरेक पटक हामीले आज्ञापालन गर्दा—यदि त्यो सही अभिप्रायबाट गरिएको हो भने—त्यसले हामीलाई आत्मिक रूपमा अझ बलियो बनाउँछ; तर प्रत्येक अनाज्ञापालनले हामीलाई आत्मिक रूपमा कमजोर बनाउँछ।

## आफ्नो पुस्ताको सेवा

मेरो कर्तव्य भनेको आफ्नो दिलोज्यानले आफ्नै पुस्ताको सेवा गर्नु हो; र यसरी सेवा गर्दा—यदि प्रभु येशू अझै ढिला गर्नुहुन्छ भने—म अर्को पुस्तालाई पनि उत्तम रूपमा सेवा गर्नेछु। जति-जति समय बित्दै जान्छ, उति-उति मैले यो महसुस गर्न सकेको छु कि पृथ्वीमा बाँच्नका लागि मसँग केवल एउटै मात्र जीवन छ; र फल भोग गर्ने अनन्तकालको तुलनामा बीउ छर्नका लागि यो जीवन छोटो अवसर मात्र हो।

-जर्ज म्यूलर

## परमेश्वरको हातबाट

जसले परमेश्वरको प्रेमिलो हातबाट
उहाँले आफ्नो ज्ञान र बुद्धिमा उचित ठान्नुभएको
सबै कुरा स्वीकार गर्न सिकेको छ,
त्यो उहाँको मायालु दृष्टि मुनि
सन्तुष्ट भई शान्तिमा विश्राम गर्नेछ,
र उहाँसँग कहिल्यै पनि
"किन?" भनेर प्रश्न गर्नेछैन।

– म्याक्सवेल

*प्रिय पाठक, तपाईं परमेश्वरको सन्तान कसरी बन्ने भन्ने जान्न चाहनुहुन्छ वा आत्मिक सहयोग चाहनुहुन्छ भने, यस पत्रिका उपलब्ध गराउने मित्रहरूसँग तल दिइएको नम्बरमा सम्पर्क गर्न सक्नुहुन्छ। — सम्पादक*